# सिन्धु बिकास बैंक लिमिटेडको

## १४^औं^ तथा १५^औं^ वार्षिक साधारण सभाको निर्णयको माइन्यूट

सिन्धु बिकास बैंक लि. को **१४औं तथा १५औं बार्षिक साधारण सभा (14th & 15th Annual General Meeting)** संचालक समितिका अध्यक्ष श्री दामोदर प्रसाद सुवेदीको अध्यक्षतामा निम्न लिखित मिति, समय तथा स्थानमा देहायका बिषयहरु उपर छलफल तथा निर्णय भई सुसम्पन्न भयो ।

१) **चौधौं तथा पन्ध्रौं बार्षिक साधारण सभा बसेको मिति, समय र स्थान**

मिति : २०८१ साल चैत्र ८ गते शुक्रवार, (तद्नुसार २१ मार्च, २०२५)
समय : विहान ९:०० बजे
स्थान : मिरावल रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक ।

२) **छलफलका बिषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१) संचालक समितिकोतर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष २०७९/०८० तथा आर्थिक बर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने ।

३) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने ।

४) आ.व. २०८०/०८१ को लेखापरीक्षण सम्पन्न गर्न कम्पनी ऐन २०६३ को दफा ११३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट भएको बाह्य लेखापरीक्षक श्री सुजन काफ्ले एण्ड यसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्सको नियुक्ति तथा निजको पारिश्रमिकको अनुमोदन गर्ने ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०८१/०८२ को लेखापरीक्षण सम्पन्न गर्न बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने (हालका लेखापरीक्षक सुजन काफ्ले एण्ड यसोसियट्स, चार्टर्ड एकाउण्टेण्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

६) स्वतन्त्र सञ्चालक श्री भरत बहादुर कार्कीको नियुक्तिलाई अनुमोदन गर्ने ।

**(ख) बिशेष प्रस्तावहरु :**

१) ने.रा.बैं. निर्देशन बमोजिम प्रदेश स्तरको बिकास बैंक हुनको लागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु. १२० (एक सय बीस) करोड पूरा गर्न पहिलो चरणमा हाल कायम रहेको चुक्ता पुँजीमा २ : १ (प्रत्येक २ शेयरमा १ हकप्रद शेयर दिने) अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

२) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Aquisition) गर्ने सम्बन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन (Due Diligence Audit ) गर्न मान्यता प्राप्त मूल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ति गर्ने सम्बन्धी समझदारी पत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पूरा गरी सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ति सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

३) बैंकको प्रबन्धपत्र र नियमावलीमा पुँजी बृद्धि लगायतका अन्य आवश्यक संशोधन गर्न तथा नियमनकारी निकायहरुबाट थपघट फेरबदल गर्न निर्देशन भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

**३) साधारण सभा सम्बन्धि सूचना :**

मिति २०८१ साल माघ २९ गते मंगलवारको दिन सम्पन्न संचालक समितिको ४५० औं बैठकको निर्णय अनुसार बैंकको १४[औं] तथा १५[औं] वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने बिषय समेत खोली पठाईएको सूचना कम्पनी ऐन २०६३ को दफा ६७ (२) वमोजिम मिति २०८१ फाल्गुन २ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक र २०८१ फाल्गुन १३ गतेको नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकमा दोस्रो पटक शेयरधनी महानुभावहरुको जानकारीको लागि सूचना प्रकाशित गरिएको र सो सूचना सहित लेखापरीक्षण प्रतिबेदन सहितको आ.व.२०७९/०८० तथा आ.व. २०८०/०८१ को बित्तीय विवरण समावेश भएको वार्षिक प्रतिवेदन कम्पनीको आधिकारिक website मा समेत राखिएको र शेयरधनी महानुभावहरुको मोवाईल नम्बरमा SMS मार्फत साधारण सभाको सूचना सहित बार्षिक प्रतिवेदनको Link पठाईएको थियो । उक्त सूचना वमोजिम तोकिएको समय मिति २०८१ साल फाल्गुन २८ गते बुधवारका दिन तोकिएको स्थान काभ्रेपलान्चोक जिल्लाको धुलिखेल स्थित मिरावल रिसोर्ट एण्ड होटलमा सभा संचालन हुँदा सभामा कम्पनी ऐन २०६३ को दफा ७३(२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम आवश्यक गणपुरक संख्या नपुगेकोले उक्त साधारण सभा स्थगित भएको थियो र पूर्व सूचना वमोजिमका प्रस्तावहरु उपरनै छलफल गर्नेगरी मिति २०८१ साल फाल्गुन २८ गते बसेको सञ्चालक समितिको ४५३ औं बैठकको निर्णय बमोजिम २०८१ साल फाल्गुन २९ गतेको कारोवार राष्ट्रिय दैनिक पत्रिकामा स्थगित भएको साधारण सभा मिति २०८१ साल चैत्र ८ गते शुक्रबार बिहान ९ बजे संचालन गर्नेगरी पुनः सूचना प्रकाशित गरिएको र उक्त सूचना बिकास बैंकको वेबसाईटमा राखिएको तथा शेयरधनी महानुभावहरुको ब्यक्तिगत मोवाईल नम्वरमा समेत SMS मार्फत जानकारीको पठाईएको थियो ।

**४) उपस्थिति :**

**क) कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री दामोदर प्रसाद सुवेदी | : अध्यक्ष |
| २. श्रीमती निभा डंगोल (श्रेष्ठ) | : संचालक |
| ३. श्री बसन्त कुमार कटवाल | : संचालक |
| ४. श्री समिर कक्षपती | : संचालक |
| ५. श्री भरत बहादुर कार्की | : स्वतन्त्र संचालक |

**ख) अन्य पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री सुरेश देवकोटा | : प्रमुख कार्यकारी अधिकृत |
| २. श्री गणेश कुमार के.सी. | : नायब प्रमुख कार्यकारी अधिकृत |



Sindhu Bikash Bank Ltd.

३. श्री प्रमोद न्यौपाने : सहायक प्रमुख कार्यकारी अधिकृत

४. श्री पुस्कर जि.सी. : कम्पनी सचिव

ग) **शेयरधनीहरुको उपस्थिति :**

| | |
|---|---|
| कुल शेयर संख्या | ५५,७४,५६१ कित्ता |
| शेयर धनीहरुको स्वयम उपस्थिति | १७,९१,२८७ कित्ता |
| प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थिति | १२,८०,७९९ कित्ता |
| जम्मा उपस्थिति | ३०,७२,०८६ कित्ता |
| **उपस्थिति प्रतिशतमा** | **५५.१० प्रतिशत** |

घ) **गणपुरक संख्या :**

**१४औं तथा १५औं** वार्षिक साधारण सभामा स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित हुनु भएका शेयरधनीहरुले धारण गर्नु भएको शेयर संख्याका आधारमा जम्मा उपस्थिति **५५.१०** प्रतिशत रहेकोले कम्पनी ऐन २०६३ दफा ७३(३) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम गणपुरक संख्या पुगेको हुँदा साधारण सभा सञ्चालनका लागि कानूनतः सबै प्रकृया पुरा भएको जानकारी कम्पनी सचिव मार्फत सभालाई जानकारी भयो ।

५) **सभाको बैधानिकता**

कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीको तर्फबाट स्वागत गर्दै यस साधारण सभाकोलागि कम्पनी ऐन २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावलीको नियम १८(३) र नियम १८(६) बमोजिम शेयरधनीहरुलाई सूचना पठाईएको तथा कम्पनी ऐन २०६३ दफा ७३(३) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम गणपुरक संख्या पुगेको हुँदा यो साधारण सभा बैधानिक हुने ब्यहोरा सभालाई जानकारी गराउनु भयो ।

६) **सभाको अध्यक्षता**

सभाको बैधानिकता निश्चित भईसकेपछि कम्पनीको नियमावलीको नियम १९(१) बमोजिम बैंकका सञ्चालक समितिका अध्यक्ष श्री दामोदर प्रसाद सुवेदीज्यूले सभाको अध्यक्षता गर्नुभयो । अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सम्पूर्ण सञ्चालकहरुलाई मञ्चमा आशन ग्रहण गर्न अनुरोध गर्नुभयो ।

७) **स्वागत मन्तब्य:**

बैंकका संचालक श्री बसन्त कुमार कटवालज्यूले यस १४औं तथा १५औं साधारण सभामा उपस्थिति जनाउनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरु एवं उपस्थित अन्य अतिथिहरुलाई बैंककोतर्फबाट मन्तब्यसहित सभामा स्वागत गर्नुभयो ।

८) **सभा संचालन तथा प्रतिवेदन प्रस्तुति :**

१४औं तथा १५औं वार्षिक साधारण सभामा अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै आर्थिक बर्ष २०७९/०८० तथा २०८०/०८१ को संचालक समितिको तर्फबाट सभामा पेश हुने वार्षिक प्रतिवेदन सभामा पढेर सुनाउनु भयो । तत्पश्चात् लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोही अवधिको बित्तीय विवरणसंग सम्वन्धित अनुसुचीहरु र लेखापरीक्षण प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण र सोही अवधिको बित्तीय विवरणसंग



Sindhu Bikash Bank Ltd.

सम्वन्धित अनुसुचीहरु सहितको लेखापरीक्षण प्रतिवेदन सभामा छलफलका लागि प्रस्तुत गर्नुभई सो लगायत सभामा पेशगरिएका सामान्य तथा विशेष प्रस्तावहरु उपर छलफल गर्न र यसका विविध पक्षका बारेमा आफ्नो बिचार, मन्तव्य, प्रतिकृया एवम् जिज्ञासाहरु व्यक्त गर्नकोलागि सबै शेयरधनीहरुलाई सामुहिक रुपमा अनुरोध गर्नुभयो ।

९) **छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको राय सुझाव तथा प्रतिकृयाहरु :**

**(क) श्री शम्भु बहादुर तिमल्सिना :**
यस बैंकका संस्थापक शेयरधनी श्री शम्भु बहादुर तिमल्सिनाले बैंकको १४औं तथा १५औं वार्षिक साधारण सभाको सफलताको कामना व्यक्त गर्दै बैंकको बार्षिक साधारण सभा समयमै सम्पन्न गर्नुपर्ने सुझाव दिनुभयो । बिकास बैंकले लामो समयदेखि शेयरधनी महानुभावहरुको लगानीको उचित प्रतिफल दिन नसकेकोमा दु:ख व्यक्त गर्नुभयो । बैंकको खराव कर्जाको आकार बढेको, कर्जा लगानी तथा धितो मुल्यांकनमा समस्या देखिएको, कर्मचारीहरुको बदमासीले गर्दा बैंकको शाखःनै गुम्ने अवस्था सृजना भएको एवं बैंकको आन्तरिक नियन्त्रण प्रणाली फितलो रहेकोले त्यसप्रति बैंक व्यवस्थापनले ध्यान दिई बैंकको बित्तीय अवस्थामा सुधार गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाँले लामो समयसम्म बैंकले लाभांश बितरण गर्न नसकेकोले शेयरधनीहरुलाई लगानीको उचित प्रतिफल दिएर मात्र हकप्रद शेयर जारी गर्दा उचित हुने कुरामा जोड दिनुभयो । साथै, बैंकका सस्थापक शेयरधनीहरुले आफ्नो लगानीको उचित प्रतिफल प्राप्त गर्न नसकेको अवस्थामा हकप्रद शेयर जारी गर्दा संस्थापक शेयरधनीहरुलाई थप आर्थिक भार पर्ने बताउनुभयो ।

**(ख) श्री लवराज जोशी :**
यस बैंकको सर्वसाधारण शेयरधनी श्री लवराज जाशीज्यूले बैंकको १४औं तथा १५औं बार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकले आफ्नो वित्तीय अवस्थामा सुधार गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाँले बैंकले ग्रामिण क्षेत्रको बिकासमा पुऱ्याएको टेवालाई कदर गर्दै आगामी दिनमा सशक्त रुपमा उपलब्ध साधन तथा स्रोतको उच्चतम् परिचालन गरी सम्पूर्ण लगानीकर्ताहरुलाई उचित प्रतिफल दिनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले बैकको मुख्य ध्यान ने.रा. बैकले गरेको सिघ्र सुधारात्मक कारवाहीबाट बाहिर निस्कनेमा हुनुपर्ने बताउनु भयो । उहाँले बैंकको बिगत बर्षहरुमा भन्दा कर्मचारीहरुलाई दिईएको तलव, भत्ता एवं सञ्चालन खर्चमा बृद्धि भएको देखिएकोले त्यसमा बैंक व्यवस्थापनले ध्यान दिनुपर्ने कुरामा जोड दिनुभयो । त्यसैगरी, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रदेशस्तरको बिकास बैंक हुनको लागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक शय बीस) करोड पूरागर्न पहिलो चरणमा हाल कायम रहेको चुक्ता पुँजीमा २ : १ (प्रत्येक २ शेयरमा १ हकप्रद शेयर दिने) अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव साधारण सभामा छलफलको बिषय भएकोले हकप्रद जारीगर्ने प्रस्तावलाई पूर्णरुपमा समर्थन गर्दै प्रादेशिक स्तरमा बिकास बैंक संचालन गर्न आवश्यक १२० करोड चुक्ता पूँजी पुऱ्याउन पटक पटक हकप्रद जारी गर्दा खर्च बढि हुने र समय पनि बढि लाग्ने भएकाले एकैपटक हकप्रद जारी गर्नुपर्ने कुरामा जोड दिनुभयो ।

**(ग) श्री दिपेन्द्र अग्रवाल :**
यस बैंकका सर्वसाधारण शेयरधनी श्री दिपेन्द्र अग्रवालले बैंकको १४औं तथा १५औं बार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकको वित्तीय अवस्था कमजोर रहेको सभामा बताउनु भयो । उहाँले बैंकले ग्रामिण क्षेत्रको बिकासमा पुऱ्याएको टेवालाई कदरगर्दै आगामी दिनमा आफ्नो कार्यक्षेत्र बिस्तार गर्न र सशक्त रुपमा उपलब्ध साधन तथा स्रोतको उच्चतम् परिचालन गरी बैंकको बित्तीय अवस्था सुधार गर्न बैंक व्यवस्थापनलाई सुझाव दिनु भयो । उहाँले बैंकको प्रति शेयर नेटवर्थ कम्तिमा १०० रुपैयाँ कायम गरी सम्पूर्ण लगानीकर्ताहरुलाई उचित प्रतिफल दिनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले साधारण शेयरधनीहरु समेत बैंकको बित्तीय अवस्था सुधारको लागि महत्वपूर्ण भुमिकामा रहन सक्ने भएकोले उनीहरुलाई बैंकका सस्थापक शेयरधनीहरुले आफ्नो अभिन्न अंगको रुपमा लिनुपर्ने कुरामा जोड दिनुभयो । उहाँले बैंकको साधारण शेयरको मुल्य बढेको बिषयलाई अन्यथा नलिई आफ्नो संस्थाको बजार पूँजीकरण बृद्धि भएकोले संस्थापक शेयरधनीहरुले फाईदाको रुपमा हेर्नुपर्ने बिचार व्यक्त गर्नुभयो । त्यसैगरी,

नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रदेशस्तरको बिकास बैंक हुनको लागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक सय बीस) करोड पूरा गर्न तथा बैंकको बित्तीय अवस्था सुधार गर्न नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशन एवं शेयरधनीहरुको मागलाई समेत मध्यनजर गर्दै प्रादेशिक स्तरमा बिकास बैंक संचालन गर्न आवश्यक कम्तीमा १२० करोड चुक्ता पूँजी पुऱ्याउन एकैपटक हकप्रद दिनुपर्ने कुरामा जोड दिनु भयो । यसकालागि उहाँले शेयरधनीहरुका तर्फबाट बिकास बैंकले प्रस्ताव गरेको २:१ हकप्रद शेयरको प्रस्तावको सट्टामा १:१.१६ को अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गर्न सम्पूर्ण शेयरधनीलाई आग्रह गर्नुभयो ।

**(घ) श्री जगन्नाथ आचार्य :**

यस बैंकको साधारण शेयरधनी श्री जगन्नाथ आचार्यज्यूले बैंकको १४औं तथा १५औं बार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकले आफ्नो बार्षिक साधारण सभा समयमै गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाँले बैंकले ग्रामिण क्षेत्रको बिकासमा पुऱ्याएको टेवालाई कदर गर्दै आगामी दिनमा सशक्त रुपमा उपलब्ध साधन तथा स्रोतको उच्चतम् परिचालन गरी सम्पूर्ण लगानीकर्ताहरुलाई उचित प्रतिफल दिनुपर्ने कुरामा जोड दिनुभयो । बैंकको संस्थागत सुशासन विगतमा निक्कै कमजोर रहेकोले सो सुधारको लागि ध्यानदिन आग्रह गर्नु भयो । त्यसैगरी, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रदेश स्तरको बिकास बैंक हुनकोलागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक सय बीस) करोड पूरा गर्न पहिलो चरणमा हाल कायम रहेको चुक्ता पुँजीमा २ : १ (प्रत्येक २ शेयरमा १ हकप्रद शेयर दिने) अनुपातमा हकप्रद शेयर जारीगर्ने प्रस्ताव साधारण सभामा छलफलको बिषय भएकोले हकप्रद जारी गर्ने प्रस्तावलाई पूर्णरुपमा समर्थन गर्दै प्रादेशिक स्तरमा बिकास बैंक संचालन गर्न आवश्यक १२० करोड चुक्ता पूँजी पुऱ्याउन एकैपटक हकप्रद शेयर दिनुपर्ने कुरामा जोड दिनुभयो ।

**(ङ) श्री जय कृष्ण श्रेष्ठ :**

यस बिकास बैंकका संस्थापक शेयरधनी श्री जय कृष्ण श्रेष्ठले बैंकको १४औं तथा १५औं वार्षिक साधारण सभाको सफलताकोलागि शुभकामना व्यक्त गर्नुभयो । साथै, बैंकको बार्षिक साधारणसभा समयमै सम्पन्न गर्नुपर्ने सुझाव दिनुभयो । त्यस्तै, उहाँले बैंकले लामो समयसम्म लाभांश दिन नसकेकोले सर्वप्रथम लगानीकर्ताहरुलाई लाभांशको सुनिश्चितता गरेरमात्र हकप्रद शेयर जारी गर्नुपर्ने कुरालाई जोड दिनुभयो । उहाँले बैंकको हाल कायम रहेको बित्तीय स्रोत समेत प्रभावकारी ढंगबाट परिचालन हुन नसकिरेहको अवस्थामा थप पूँजी बृद्धि अर्थहीन हुने कुरा बताउनुभयो । उहाँले साधारण शेयरधनीहरुको निश्चित् समुहले बैंकको साधारण शेयरमा चलखेल गरी अस्वाभाविक मुल्य बढाएको समेत आरोप लगाउनु भयो ।

**(च) श्री राजकुमार मैनाली :**

यस बैंकको सर्वसाधारण शेयरधनी श्री राजकुमार मैनालीज्यूले बैंकको १४औं तथा १५औं बार्षिक साधारण सभाको सफलताको कामना गर्दै बैंकले समयमै बार्षिक साधारण सभा गर्नुपर्ने बताउनु भयो । उहाँले प्रदेशस्तरको बिकास बैंक हुनको लागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक शय बीस) करोड पूरागर्न हकप्रद शेयर जारी गर्ने प्रस्ताव साधारण सभामा छलफलको बिषय भएकोले हकप्रद जारीगर्ने प्रस्तावलाई पूर्णरुपमा समर्थन गर्दै प्रादेशिक स्तरमा बिकास बैंक संचालन गर्न आवश्यक १२० करोड चुक्ता पूँजी पुऱ्याउन एकैपटक हकप्रद जारी गर्दा उपयुक्त हुने कुरामा जोड दिनुभयो ।

**(छ) श्री नरेशलाल श्रेष्ठ :**

यस बिकास बैंकका सस्थापक शेयरधनी एवं पूर्व संचालक श्री नरेशलाल श्रेष्ठले बैंकको १४औं तथा १५औं वार्षिक साधारणसभा सफलतापुर्वक सम्पन्न गर्न अन्य शेयरधनीहरु सबैलाई सहयोगको लागि अनुरोध गर्दै साधारणसभाको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो । उहाँले बैंक मर्जगर्न पहिला आफु सक्षम हुनुपर्ने कुरामा जोड दिनुभयो । बैंक सवल र लाभांश दिन योग्य भएमामात्र लगानीकर्ताको शेयरको उचित मुल्यांकन प्राप्त हुने भएकोले

ने.रा.बैंकबाट गरिएको शीघ्र सुधारात्मक कार्वाहीबाट मुक्त भएपछि आफ्नो बित्तीय अवस्था सुधार पश्चात् मात्र मर्ज गर्नुपर्ने कुरामा जोड दिनुभयो । त्यसैगरी, नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम प्रदेश स्तरको बिकास बैंक हुनकोलागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक सय बीस) करोड पूरा गर्न पटक पटक हकप्रद शेयर जारी गर्नुभन्दा एकै पटक प्रादेशिक स्तरमा बिकास बैंकलाई स्तरोन्नति गर्न आवश्यक रु. १२० करोड चुक्तापूँजी पुऱ्याउन सोही अनुपातमा हकप्रद शेयर जारी गर्नुपर्ने कुरामा जोड दिनुभयो । उहाँले बैंकको संस्थापक र सर्वसाधारण शेयरधनीहरु दुवै समुहका लगानीकर्ताहरुको उत्तिकै महत्व हुने हुनाले संस्थाको हितकोलागि दुवैपक्षले सकारात्मक भुमिका निभाउनुपर्ने कुरामा जोड दिनुभयो ।

**(ज) श्री राजेन्द्र कुमार श्रेष्ठ :**

यस बिकास बैंकका सस्थापक अध्यक्ष श्री राजेन्द्र कुमार श्रेष्ठले बैंकको १४औं तथा १५औं वार्षिक साधारणसभा सफलतापुर्वक सम्पन्न गर्न सवै शेयरधनीहरुलाई अनुरोध गर्दै १४औं तथा १५औं बार्षिक साधारण सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो । उहाँले विगतमा बैंक मर्ज गर्न अन्य बैंक तथा बित्तीय संस्थाहरुसंग कुरा भएको तर शेयरधनीहरुकै हित हुनेगरी उचित अनुपातमा स्वाप रेसियो कायम हुन नसकेको र पछिल्लो समयमा अन्य बैंक तथा बित्तीय संस्थाहरुले बैंक मर्जरको लागि नरुचाएकाले मर्जरमा जानुभन्दा आवश्यक पुँजी पुऱ्याएर प्रदेश स्तरको बिकास बैंकमा स्तरोन्नति गर्नुपर्ने कुरामा सहमति जनाउनु भयो । उहाँले बैंक सवल र लाभांश दिन योग्य भएमामात्र लगानीकर्ताको शेयरको उचित मुल्यांकन प्राप्त हुने भएकोले बित्तीय अवस्था सुधार पश्चात् मात्र मर्जमा जाँदा राम्रो हुने कुरामा जोड दिनुभयो । त्यसैगरी, आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक सय बीस) करोड पूरा गरी बिकास बैंकलाई प्रादेशिक स्तरमा स्तरोन्नति गर्न सोही अनुपातमा हकप्रद शेयर जारी गर्नुपर्ने मनसाय व्यक्त गर्नुभयो ।

**१०) शेयरधनी महानुभावहरुको राय, सुझाव तथा प्रतिकृयाहरुउपर अध्यक्षज्यूको तर्फवाट प्रमुख कार्यकारी अधिकृत श्री सुरेश देवकोटाज्यूको प्रत्युत्तर ।**

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुरेश देवकोटाले बैंकको समग्र कृयाकलाप प्रति अत्यन्त रुचि राखी सञ्चालक समिति तथा व्यवस्थापनले गरेका काम कार्यवाहीहरुउपर प्रत्यक्ष रुपमा राय, सल्लाह, सुझाव एवम् प्रतिकृया दिई हामीलाई मार्ग दर्शन एवं प्रेरणा प्रदान गर्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

छलफलका क्रममा शेयरधनीद्वारा व्यक्त गरिएका सान्दर्भिक बिचार, अमूल्य सुझावहरुलाई सम्भव भएसम्म कार्यन्वयन गर्न बैंक व्यवस्थापन प्रतिवद्ध रहेको कुरा सभालाई जानकारी गराउँदै आगामी दिनहरुमासमेत सकारात्मक सल्लाह एवम् सुझावहरु निरन्तर पाईरहने कुरामा विश्वस्त रहेको र आगामी वर्ष साधारण सभा तोकिएको समयमै सम्पन्न गरिने विचार ब्यक्त गर्नुभयो । साथै, गत बर्षहरुमा रुस र यूक्रेन बीच भएको युद्धको कारण पेट्रोलियम पदार्थमा भएको मुल्य बृद्धि, बिश्व बजारमा देखिएको आर्थिक मन्दीका कारण उत्पन्न विषम परिस्थिति, घरजग्गा व्यवसायमा आएको मन्दी, जग्गाको कित्ताकाटमा भएको समस्या, राजनैतिक अस्थिरता एवं दैनिक उपभोग्य बस्तुमा भएको मुल्य बृद्धि आदिका कारण बैंकका केहि ठूला ऋणीहरुको समेत ब्यापार व्यवसायमा उत्पन्न जोखिमको कारण कर्जा असूलीमा समस्या भएको तथा कर्जा असुलीको क्रममा प्राप्त भएको गैह्रबैंकिङ्ग सम्पत्तिलाई समेत समयमै बिक्री गर्न नसकिएको तथा सञ्चालन खर्च बढ्दै गएको कारण बैंकको नाफामा केही संकुचन आएकोले शेयरधनीहरुलाई लाभांश प्रस्ताव गर्न नसकिएको जानकारी गराउनुभयो । बैकको संचित नोक्सानी निक्कै ठुलो रहेकोले पुंजीकोष ह्रास भएकाले व्यवसाय विस्तारमा समस्या भएको विषय पनि जानकारी गराउनु भयो । तथापि बैंकले आगामी दिनमा साना तथा मझौला कर्जाहरुका साथै प्राथमिकता प्राप्त क्षेत्रका कर्जा शिर्षकहरुमा लगानी बिस्तार गर्दैजाने तथा खराव कर्जाहरुको समेत क्रमैसँग व्यवस्थापन गर्दै आगामी बर्षहरुमा शेयरधनीहरुलाई उचित लाभांश दिन बैंक व्यवस्थापन कटिबद्ध भएर लागीपरिरहेको तथ्य समेत सभालाई जानकारी गराउनु भयो । बैंकको आन्तरिक नियन्त्रण

Sindhu Bikash Bank Ltd.

प्रणालीलाई सुधारगर्ने, अनावश्यक खर्चहरुमा कटौति गर्ने, संस्थागत सुशासनलाई कायम गर्ने र भविष्यमा बैंकलाई अझ सुदृड बनाई लैजाने समेत सभामा शेयरधनी महानुभावहरुलाई विश्वस्त तुल्याउनु भयो ।

त्यस्तै, नेपाल राष्ट्र बैंकबाट बैंक तथा बित्तीय संस्थाहरुलाई प्राप्त निर्देशन वमोजिम कायम राख्नुपर्ने न्यूनतम पूँजीकोष अनुपात कायम नगरेकोले शीघ्र सुधारात्मक कार्वाही भएको र उक्त कार्वाहीबाट बैंकलाई यथाशक्य छिटो मुक्तगर्न सोहीअनुरुप कार्य भइरहेको ब्यहोरासमेत सभामा जानकारी गराउनु भयो । साथै, नेपाल राष्ट्र बैंकले तोकेको प्रादेशिक स्तरको बिकास बैंकको न्यूनतम चुक्तापूँजी रु. १२० करोड पूर्‍याउन बिकास बैंकको पूँजी योजना पेशगर्न नेपाल राष्ट्र बैंकबाट निर्देशन भएबमोजिम यस बिकास बैंकले नेपाल राष्ट्र बैंकसमक्ष पेशगरेको पूँजीयोजना बमोजिम कार्यान्ययन गरी यस बिकास बैंकलाई जतिसक्दो छिटो प्रदेशस्तरको कार्यक्षेत्र भएको बिकास बैंक बनाउन सोही वमोजिम हकप्रद शेयरको प्रस्तावसमेत सभामा पेश भएको पनि जानकारी गराउनु भयो ।

**११) सभाको निर्णयहरु :**

**क) सामान्य प्रस्ताव उपर निर्णय :**

१) संचालक समितिकोतर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आर्थिक बर्ष २०७९/०८० तथा आर्थिक बर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी सभाको सर्वसम्मतले पारित गर्ने निर्णय गर्‍यो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०७९/०८० को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी सभाको सर्वसम्मतले पारित गर्ने निर्णय गर्‍यो ।

३) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी सभाको सर्वसम्मतले पारित गर्ने निर्णय गर्‍यो ।

४) बिकास बैंकको आर्थिक बर्ष २०७९/८० को १४औं बार्षिक साधारण सभा बिबिध प्रविधिक कारणले गर्दा समयमा हुन नसकेकोले आर्थिक बर्ष २०८०/०८१ को लागि बाह्य लेखापरीक्षण गर्न मिति २०८१ साल श्रावण १४ गते सम्पन्न संचालक समितिको ४३७ औं बेठकद्धारा निर्णय तथा सिफारिश भई बाह्य लेखापरीक्षक नियुक्तिको लागि श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा स्वीकृतिकोलागि पेश भएकोमा मिति २०८१ साल श्रावण २५ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्राप्त स्वीकृतिपत्र वमोजिम नियुक्त भएका लेखापरीक्षक फर्म श्री सुजन काफ्ले एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्सको नियुक्ति तथा नीजलाई प्रदान गरिएको लेखापरीक्षण शुल्क रु.३,७२,९००/-( भ्याट सहित) एवं वास्तविक बिल बमोजिम भ्रमण खर्च तथा बैंकको अधिकृत स्तरको कर्मचारीलाई दिईने रकम वरावर हुने गरी प्रदान गरिएको दैनिक भत्ता पारिश्रमिक सभाले अनुमोदन पारित गर्‍यो ।

५) कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस बिकास बैंकको आर्थिक बर्ष २०८१/८२ को लागि बाह्य लेखापरीक्षण गर्न बैंकको लेखापरीक्षण समितिको सिफरिश बमोजिम मिति २०८१ साल फाल्गुन ६ गते सम्पन्न संचालक समितिको ४५१औं बैठकद्वारा तपशिलमा उल्लेखित देहाय वमोजिमका तीन (३) वटा लेखापरीक्षण फर्महरु मध्ये उपयुक्त एक (१) लेखापरीक्षण फर्म छनौट गर्न साधारण सभामा सिफारिश भयो ।

तपशील

| क.सं. | फर्मको विवरण | प्रस्तावित लेखापरीक्षण शुल्क (मु.अ.क. बाहेक) | यातायात, खाना, खाजा, बास खर्च र अन्य सम्बद्ध खर्च |
|---|---|---|---|
| १ | Sujan Kafle & Associates, Chartered Accountants | ५,००,०००/- | वास्तविक खर्च बील बमोजिम । (प्रस्तावित शुल्कमा नबढ्ने गरी) |



Sindhu Bikash Bank Ltd.

| | | | |
|---|---|---|---|
| | Bishalnagar, Kathmandu | | |
| २ | Niranjan Gautam & Associates, Chartered Accountants Tilottama, Rupandehi | ६,००,०००/- | वास्तविक खर्चको रकम र रु.५,००,०००/- (पाँच लाख रुपैयाँ मात्र) मध्य बढी हुने रकम । |
| ३ | Rabin Dhakal & Associates, Chartered Accountants Mid-Baneshwor, Kathmandu | ६,२५,०००/- | वास्तविक खर्च बील बमोजिम । |

*(लेखापरीक्षक फर्म श्री सुजन काफ्ले एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्स पुन: नियुक्त हुन योग्य हुनुहुन्छ)*

उपरोक्त प्रस्तावहरु मध्ये लेखा परिक्षकको कार्य अनुभव, प्रस्तावित मुल्य र मानव संसाधनको उपलब्धताको आधारमा **सुजन काफ्ले एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स**लाई आ.ब.२०८१/०८२ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजलाई लेखापरीक्षण शूल्क वापत भ्याट बाहेक रु. ५,००,०००/-(अक्षेरुपी पाँचलाख रुपैयाँ मात्र) भुक्तानी गर्ने तथा अन्य खर्च वास्तविक खर्च बील बमोजिम (प्रस्तावित शुल्कमा नबढ्ने गरी) रकम प्रदान गर्ने गरी सभाको सर्वसम्मतले पारित गर्‍यो ।

६) यस बिकास बैंकमा मिति २०८० साल मंसिर २४ देखि रिक्त रहेको स्वतन्त्र संचालक पदमा यस विकास बैंकको सञ्चालक समितिको मिति २०८० साल माघ ८ गते सम्पन्न ४१६ औं बैठकको निर्णय बमोजिम बैंक तथा बित्तीय संस्था सम्बन्धि ऐन २०७३, कम्पनी ऐन २०६३ तथा नेपाल राष्ट्र बैंकको स्वतन्त्र संचालक नियुक्ति सम्वन्धि नीति नियमको अधिनमा रही ललितपुर महानगरपालिका-१४, नखिपोट, ललितपुर निवासी श्री भरत बहादुर कार्कीलाई ४ बर्ष अवधिका लागि यस विकास बैंकको स्वतन्त्र संचालक पदमा नियुक्त गरिएकोमा उहाँको नियुक्तिलाई साधारणसभाले अनुमोदन पारित गर्ने निर्णय गर्‍यो ।

**ख) <u>विशेष प्रस्ताव उपर निर्णय</u> :**

१) नेपाल राष्ट्र बैंकको निर्देशन वमोजिम प्रदेशस्तरको बिकास बैंक हुनकोलागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक सय बीस) करोड पूरागर्न पहिलो चरणमा हाल कायम रहेको चुक्ता पुँजीमा २ : १ (प्रत्येक २ शेयरमा १ हकप्रद शेयर दिने) अनुपातमा हकप्रद शेयर जारी गर्ने प्रस्ताव उपर छलफल हुँदा उपस्थित शेयरधनीहरुले प्रस्तावित २ : १ अनुपातमा चरण चरणमा हकप्रद शेयर जारी गर्दा निष्काशन खर्च बढि लाग्ने, समय पनि बढी लाग्ने तथा बैकको आवश्यकता पनि तत्काल चुक्ता पुंजी रु. १२० (एक सय बीस) करोड पुऱ्याउनुपर्ने नेपाल राष्ट्र बैकको निर्देशन भएको देखिएकोले प्रस्तावित २:१ को अनुपातमा हकप्रद शेयर जारी गर्नुको सट्टामा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्ति पश्चात् प्रदेश स्तरको बिकास बैंक हुनकोलागि आवश्यक न्यूनतम चुक्ता पूँजी रु.१२० (एक सय बीस) करोड पूरा गर्ने गरी हाल कायम रहेको चुक्ता पुँजीमा १ : १.१६ (प्रत्येक १ शेयरमा १.१६ हकप्रद शेयर दिने) अनुपात अर्थात ११६ प्रतिशतको हकप्रद शेयर जारी गर्नको लागि नेपाल राष्ट्र बैंक लगायत नियमनकारी निकायबाट आवश्यक स्वीकृति लिए पश्चात् मात्र हकप्रद शेयर जारी गर्न सञ्चालक समितिलाई सम्पुर्ण अख्तियारी प्रदान गर्ने निर्णय साधारणसभाले सर्वसम्मतबाट पारित गर्‍यो ।

२) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एकआपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Acquire) गर्ने सम्वन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit) गर्न मान्यताप्राप्त मुल्यांकनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ति गर्ने सम्वन्धि समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पूरागरी सोमा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ति सम्वन्धि अन्य आवश्यक सम्पूर्ण प्रकृया पूरा गर्नकोलागि संचालक समितिलाई पूर्ण अख्तियारी प्रदानगर्ने निर्णय साधारणसभाले सर्वसम्मतबाट पारित गर्‍यो ।

Sindhu Bikash Bank Ltd.

३) बैंकको प्रबन्धपत्र र नियमावलीमा पूँजी बृद्धि लगायतका अन्य आवश्यक संशोधन गर्न तथा नियमनकारी निकायहरुबाट थपघट फेरबदल गर्न निर्देशन भएमा सो अनुसार गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदानगर्ने निर्णय साधारणसभाले सर्वसम्मतबाट पारित गर्‍यो ।

ग) **विविध :** विविध अन्तर्गत अन्य कुनै प्रस्ताव नरहेको ।

११) **धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री सुरेश देवकोटाले अध्यक्षज्यूको अनुमतिले विकास बैंकको १४औं तथा १५औं वार्षिक साधारण सभामा उपस्थित भई आफ्नो अमूल्य समय प्रदान गरी यस गरिमामय सभालाई सफल बनाईदिनु भएकोमा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, अतिथिज्यूहरु, पत्रकार मित्रहरु लगाएत सम्पूर्ण कर्मचारीवर्गमा हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

साथै, सभाका सभाध्यक्ष तथा बैंकका अध्यक्ष श्री दामोदर प्रसाद सुवेदीले बैंकका लगानीकर्ताहरुलाई उच्चतम् प्रतिफल दिन निरन्तर क्रियाशिल रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । आगामी दिनहरुमा बैंकलाई थप सवल र सुदृढ गर्न आवश्यक सहयोग, सल्लाह तथा सुझावहरुको अपेक्षा रहेकोले सवैले आ-आफ्नो क्षेत्रबाट सहयोग गरिदिनुहुन समेत शेयरधनी महानुभावहरु, कर्मचारी परिवार, नियमनकारी निकायहरु, पत्रकार मित्रहरुलाई अनुरोध गर्दै उपस्थित सवै महानुभावहरुलाई धन्यवाद ज्ञापन गरी बैंकको १४औं तथा १५औं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

........................
(पुस्कर जि.सी.)
कम्पनी सचीव

Sindhu Bikash Bank Ltd.

........................
(दामोदर प्रसाद सुवेदी)
अध्यक्ष